तारखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

२०७३

प.सं.०८२।०८३

च.नं.

गण्डकी प्रदेश नेपाल।

## सेवा करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

## प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/२६ गते

आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गत म स्वस्थ, मेरो समुदय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालनका लागि यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले ताराखोला गाउँकार्यपालिकाको मिति २०८२/०७/२४ गतेको निर्णयानुसार तपशिल बमोजिमको सेवा तथा पदमा करार सेवामा रही कामकाज गर्न ईच्छुक, योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र तल उल्लेखित विवरणहरु र राजश्व तिरेको रसिद सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.स. | विज्ञापन नं. | सेवा/समूह | पद/तह | माग सङ्ख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०५/२०८२-०८३ | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | जनस्वास्थ्य अधिकृत/सातौ तह | १ जना | १२००/- | |

१. न्युनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट जन स्वास्थ्य संकायमा स्नातक तह (BPH) उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता वा नविकरण भएको हुनुपर्नेछ ।

२. सङ्गलन गर्नुपर्ने आवश्यक कागजातहरुः (क) व्यक्तिगत विवरण (ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (ग) हालसालै खिचिएको पासपोर्ट साईजको २ वटा फोटो (घ) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (ङ) सम्बन्धित काउन्सिलमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि (च) अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि ।

३. परिक्षाको किसिमः लिखित परिक्षा र अन्तर्वार्ता ।

४. दरखास्त दिने स्थानः ताराखोला गाउँपालिका, गाउँ कार्यपालिकको कार्यालय, अर्गल बागलुङ ।

५. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र (तर दरखास्तको अन्तिम दिन सार्वजनिक बिदा भएमा लगत्तै कार्यालय खुल्ने दिनलाई अन्तिम मानिनेछ ।

६. उमेर हदः २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) हुनुपर्नेछ ।

७. सेवा करार अवधिः आ.व. २०८२/०८३ को असार मसान्त सम्म ।

८. परिक्षा पाठ्यक्रम : प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशले तोके बमोजिम ।

९. परीक्षा मितिः पछि सूचना प्रकाशित गरिनेछ र थप जानकारीको लागि ताराखोला गाउँपालिकको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।

१०.आवेदन शुल्कः यस कार्यालयको राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको प्रभु बै.क ताराखोला शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १६७०१०९८५१००००६३ मा जम्मा गर्न सकिनेछ । थप जानकारीको लागि सम्पर्क नं. ९८५७६२२९५०, ९८४७६३४३२९

बिमल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

website:- www.tarakholamun.gov.npEmail.id :- ito.tarakholamun@gmail.com

"श्रम, सहकारी, पर्यटन, कृषि, उघोग र पूर्वाधारः

गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"

CamScanner